Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# अस्पतालको बेड क्षमता अनुसार अक्सिजन सिलिण्डर खरिद गरी तयारी असस्थामा राख्नु पर्ने

२५ देखी ५० बेड सम्मका जिल्ला अस्पतालहरूमा

**२० वटा ठुलो अक्सिजन सिलिण्डर**

१०० बेड सम्मका अस्पतालहरूमा

**३५ वटा ठुलो अक्सिजन सिलिण्डर**

२०० बेड सम्मका अस्पताल हरूमा

**५० वटा ठुलो अक्सिजन सिलिण्डर**

सबै मेडिकल कलेज र शिक्षण अस्पतालहरु तथा ५०० शैया सम्मका अस्पतालहरूमा

**१०० वटा ठुलो अक्सिजन सिलिण्डर**

*यस प्रयोजनको लागि खरिद गरिएका अक्सिजन सिलिण्डरको सोधभर्ना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रति सिलिण्डर २० हजारमा नबढ्ने गरी उपलब्ध गराउने छ ।*

स्रोत: https://cutt.ly/Nv345eN

# नेपाल अपडेट


काभ्रेको धुलिखेलमा मास्क बिना हिडिरहेका बटुवालाई मास्क वितरण गर्दै सशस्त्र प्रहरी ।

तस्विर: : रोजन तामाङ

**परिक्षण**

पिसिआर परिक्षण: २४,१७,४१७


पोजेटिभ: ३,०३,५६१

उपचाररत: २२,४३४

मृत्यु : ३,१७६

सन्चो भएका : २,७७,९५१






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



अक्सिजन कमीकै कारण कोरोनाका बिरामीलाई बढी जोखिम हुन्छ रे । होम आईसोलेशनमा बसेका बिरामीले कसरी थाहा पाउने अक्सिजन कम भएको ?

हो, होम आईशोलेशनमा बसेका कोरोनाका बिरामीले हरेक दिन आफ्नो शरीरमा अक्सिजनको मात्रा सहि छ कि छैन भनेर थाहा पाउनु पर्दछ । अक्सिजनको मात्रा ९२% भन्दा कम भएमा बिरामीलाई अस्पताल लैजाने प्रबन्ध गर्नुपर्दछ । घरमै अक्सिजनको मात्रा थाहा पाउन पल्स अक्सिमिटरको प्रयोग गर्न सकिन्छ, जुन नजिकैको अस्पताल वा औषधी पसलबाट किन्न सकिन्छ ।


स्रोत: https://cutt.ly/Nv345eN



सरकारले स्वास्थ्य मापदण्ड पालना नगर्नेलाई कारवाही गर्ने भनेको छ । मापदण्ड पालना नगरेको थाहा पाएमा गोप्य उजुरी गर्ने ठाउँ छैन ?

सरकारले जारी गरेको मापदण्ड बमोजिम पालना नभएको र सार्वजनिक स्थानमा मास्क नलगाएको पाएमा प्रमुख जिल्ला अधिकारीलाई कारवाही गर्ने अधिकार दिइएको छ । यदी कसैले मापदण्डको उलंघन गरेको थाहा पाएमा https://www.moha.gov.np/offices मा गएर सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्पर्क गरी उजुरी गर्न सकिन्छ।

स्रोत: https://ccmc.gov.np/key_decisions/key%20dicision%202077.12.28.pdf



कतारी रियाल अब चल्दैन भन्ने सुनिन्छ, के हो साँचो कुरा ?

कतारको केन्द्रीय बैंकले चौथो संस्करणका नोटहरु सन् २०२१ जुलाई १ पश्चात चलनचल्तीबाट हटाउने निर्णय गरेको छ । त्यसैले नेपाल राष्ट्र बैंकले कतारी रियाल भएमा २०७८ बैशाख २७ गते भित्र राष्ट्र बैंकको बैंकिङ विभाग, त्यसका प्रदेशस्थित कार्यालयहरु, विदेशी विनिमयको कारोबार गर्न इजाजत प्राप्त बैंक तथा वित्तिय संस्था वा मान्यता प्राप्त मनिचेन्जरहरुबाट सटही गर्न सूचना जारी गरेको छ ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2021/04/Notice-on-Fourth-Edition-Qatari-Riyal-Banknotes_Nepali.pdf



स्थानीय स्तरमा कोभिडका बिरामीलाई स्थानीय तहले व्यवस्था मिलाउने भनेको छ, तर त्यसको कुनै तयारी त देखिदैन नी ?

सरकारले स्थानीय तहलाई १५ बेड सम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग संक्रमित व्यक्तिको उपचारका लागि सम्झौता गरी अनुगमन गर्ने र सोधभर्नाका लागि स्वास्थ्य मन्त्रालयलाई सिफारिस गरी पठाउन निर्देशन दिएको छ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/176/lan/ne-NP

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ४,१२,२१६ संक्रमित | २,६६,९४९ संक्रमित | १,७१,३०७ संक्रमित | २,०२,२०१ संक्रमित | ५,१०,७३८ संक्रमित | १,८८,८१६ संक्रमित | ३,९२,९४२ संक्रमित | १,१९,३८७ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## कतारमा नियमको पालना नगरे कारवाहीमा परिने

कतार सरकारले कोभिड - १९ लाई नियन्त्रण र रोकथाम गर्नको लागि केही नियमहरु कडा रुपमा कार्यान्वयनमा ल्याएको छ । यति हुँदाहुँदै पनि दिनहुँ जसो कयौं व्याक्तिहरु कारवाहीमा पर्ने गरेका छन् । नियमको पालना नगरेको खण्डमा तिन वर्ष जेल सजाय र तिन लाख कतारी रियाल जरिवाना हुनसक्ने कानून भएकोले श्रमिक साथीहरुले यि महत्वपूर्ण नियमहरु पालना गर्न जरुरी छ ।

- घरबाट बाहिर निस्कदा अनिवार्य रुपमा एतराज एपको प्रयोग गर्ने ।
- मास्कको प्रयोग अनिवार्य छ । अनावश्यक रुपमा बाहिर ननिस्कने । निस्कनै पर्दा मास्कको प्रयोग अनिवार्य गर्ने ।
- अनावश्यक भिडभाड नगर्ने, भिडमा नजाने ।
- सामाजिक दुरी कायम गर्ने । साना चारपाँग्रे सवारी साधनमा ४ जना भन्दा धेरै यात्रा नगर्ने ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**
रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**
रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**
रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**
रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**
रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

# सरकारले सहयोग गर्छ भनेर कसरी विश्वास गर्नु?




धादिङको ज्वालामुखी गाउँपालिका वडा नं. ७ चैनपुरका प्रकाश इटनीले एसएलसी सम्म पढे । त्योभन्दा माथी पढ्न उनको परिवारको आर्थिक अवस्थाले दिएन । पढाई थोरै भएकाले कतै जागिर पनि पाएनन् । त्यस पछि उनी गाउँमै खेती किसानी गरेर बसे । तर, परिवारको आवश्यकता त्यतीले पुरा हुने अवस्था थिएन । गाउँमा आयआर्जनको विकल्प नभेटेपछि उनी तिन वर्ष अगाडी वैदेशिक रोजगारीमा साउदी अरब गए ।

उनीसँग कुनै सिप थिएन । तर पनि उनले अरुले जस्तो दु:ख भने भोग्नु परेन । काम सिक्दै गए र तिन वर्षमा सोचे अनुसार नै पैसा कमाए । यसैबिच कोरोना महामारीका कारण उनी नेपाल फर्किनुपर्‍यो। रोजगारी छुटे पनि घरपरिवारसँग बस्न पाउँदा खुसीनै थिए । तर, समाजले उनलाई विदेशबाट कोराना ल्याएर आयोहोला भन्दा भने दु:ख लाग्थ्यो । अवस्था सामान्य होला र फेरी पुरानै कम्पनीमा काम गर्न जाउँला भन्ने थियो, तर त्यो सम्भव भएन । त्यसपछि विदेशमा सिकेको आल्मुनियमको काम गर्ने सिपले उनलाई काठमाण्डौमा रोजगारी दिलायो । अहिले उनी त्यही काम गरिरहेकाछन् ।

उनको परिवार पनि बुढीगण्डकी जलविद्युत प्रभावित परिवार हो। उनीसँग अहिले बस्ने घर छैन । सरकारबाट पाएको मुआब्जाको पैसाले उनले अर्को ठाउँमा थोरै जग्गा किनेपनि घर बनाउन सकेका छैनन् । उनले वैदेशिक रोजगारीबाट कमाएको पैसाले अव स्वदेशमै व्यवसाय गर्न खोजिरहेकाछन्, तर अहिलेको अवस्था हेर्दा उनी जोखिम लिन चाहदैनन् । उनी भन्छन्, "सरकारले कुनै ठोस निर्णय लिनै सक्दैन । जताततै दुविधामात्र सृजना गर्दछ । कैले लकडाउन गर्ने भन्छ त, कैले निशेधाज्ञा । सरकारले त काम गरीखानेलाई सहयोग गर्ने भन्दा पनि नानाथरी दु:ख मात्र दिन्छ । हामी जस्ता वैदेशिक रोजगारीबाट फर्किएकालाई सहयोग गर्छ भनेर कसरी विश्वास गर्नु?"





# रेडियो कार्यक्रम पद्धती

## संरचना सबैका लागि


रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs